कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर,बाँके
५ नं प्रदेश-नेपाल

प.सं. :०७७/०७८
च.नं. :

फोन नं. :- ०८१-५४०००९
फ्याक्स नं. :- ०८१-५४०३१८

मिति : २०७७/०५/१०

## सूचना ! सूचना !! सूचना !!!

कोरोना भाइरस (कोभिड-१९)कोसंक्रमणको जोखिमलाई नियन्त्रण तथा न्यूनिकरण गर्न कोहलपुर नगरपालिका स्तरीय कोभिड-१९ नियन्त्रण तथा व्यवस्थापन समितिको मिति २०७७/०५/१० गते बसेको बैठकले कोहलपुर नगरपालिका क्षेत्रमा तपसिल अनुसार बजार व्यवसाय खुला गर्ने निर्णय गरेकाले सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै व्यवसाय संचालन गर्दा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा यस कोहलपुर नगरपालिकाले निर्धारण गरेको **"स्वास्थ्य सम्बन्धि मापदण्डलाई"** अनिवार्य रुपले पालना गर्नु पर्नेछ । अनुगमन समितिले बजार अनुगमन तथा मुल्याङ्कन गर्दा **स्वास्थ्य सम्बन्धि मापदण्डलाई** पुरा नगरेको देखिएमा संक्रामक रोग निवारण सम्बन्धि ऐन, २०२० वमोजिम कार्वाही हुने व्यवहोरा समेत सबैमा जानकारी गराईन्छ ।

<u>तपसिल :</u>

| बार | खुल्ला रहने व्यापार तथा व्यवसायहरु | कैफियत |
|---|---|---|
| **आईतवार, बुधवार र शुक्रबार** | किराना पसलहरु, तरकारी, फलफुल, मासु, भाडा वर्तन, साईकिल, शोरुम, ईलेक्ट्रोनिक्स, मोवाईल तथा कम्प्युटर, बिजुली पसल | |
| **सोमवार, मंगलवार, बिहिवार र शनिवार** | कपडा, फेन्सी आईटम, जुत्ता चप्पल, कस्मेटीक, पुस्तक तथा स्टेशनरी, सहकारी, टेलरिङ्ग र सुन तथा गरगहना पसलहरु | |
| **आईतवार, मंगलवार र बिहिवार** | बैक तथा वित्तिय संस्थाहरु | |
| **सबैवार संचालन हुने ( विहान ७:०० बजे देखि साँझ ६:०० बजे सम्म)** | हार्ड वेयर पसलहरु, दुध डेरी, होटेल तथा रेष्टुरेन्टहरु, ग्यारेजहरु, उद्योग तथा कलकारखानाहरु, पेट्रोल पम्पहरु, फर्निचर पसलहरु लगायत अति आवश्यक सेवाहरु | |
| **सार्वजनिक तथा नीजि सवारी साधनहरु ( दुई पाङ्ग्रे, तिन पाङ्गे र चार पाङ्गे सवारी साधनहरु)** | जोड गते जोर र विजोर गते विजोर सवारी साधनहरु मात्र संचालन गर्न पाईने छ । | |

***नोट : सम्पुर्ण व्यवसायी तथा ग्राहकहरुले अनिवार्य रुपमा मास्क, स्यानीटाईजर, सामाजिक दुरी लगायतका स्वास्थ्य सम्बन्धि मापदण्ड अनिवार्य रुपले पालना गर्नु पर्नेछ । सो को पालना नगरेको पाईएमा प्रचलित कानुन वमोजिम कार्वाही हुने व्यवहोरा अनुरोध छ ।***

छविलाल नेपाली
(प्रमुख प्रशासकीय अधिकृत)

ईमेल : kohalpurmun@gmail.com, info@ kohalpurmun.gov.np वेबसाईट : WWW.kohalpurmun.gov.np
फोन नं. ०८१-५४०३१८, ५४००९